# जागरण नेपाल इ-बुलेटिन

महिला अधिकार, शान्ति र सुशासनका लागि जागरण नेपाल

१२७औं अङ्क





# देवानी संहिता र महिलाका सवाल

## पृष्ठभूमि

परम्परादेखि चलिआएका ऐन कानुनमा समय र सामाजिक अवस्था अनुसार परिमार्जन हुन जरुरी छ, जो समयको माग हो । नेपालमा लामो समयसम्म मुलिकी ऐनले नै देशको मुख्य कानुनको रुपमा काम गऱ्यो । राजनीतिक परिवर्तन भए, नागरिकको चेतनाको स्तरमा व्यापक सुधार भयो, कयौं सन्दर्भहरु फेरिए तर देशको कानुन भने सयौं वर्ष अघि लादिएको परम्परगत कानुन मुलुकी ऐनबाटै चलिरहृको थियो । यस्तो कानुनलाई विस्थापन गरी समय अनुसार परिमाजर्न र परिवर्तत गर्न आएको ऐनको नाम हो देवानी संहिता ।

विभिन्न विषयमा छरिएर रहेका कानुनहरुलाई एकै ठाउँमा राखी एकीकृत बनाउने प्रक्रिया नै संहिताकरण हो । संहिताले कुनै पनि मुलुकको कानुन प्रणालीलाई मौलिक बनाउँदछ । यो कानुनलाई आधुनिकीकरण गर्ने तरिका पनि हो । संहिताकरणले कानुनी निश्चितता ल्याउनुका साथै कानुनको सरलीकरण गर्ने उपाय पनि हो । अन्य कानुन प्रणालीका नयाँ र सफल अभ्यासहरुलाई आत्मसात गर्न समेत अवसर प्रदान गर्दछ ।

मुलुकी देवानी संहिता नेपालको अहिलेसम्मकै सबैभन्दा लामो ऐनको रुपमा रहेको छ । यो संहितामा छ भाग, ५२ परिच्छेद र ७२१ दफा रहेका छन् । छरिएर रहेका ३१ कानूनको खारेज र ३६ कानूनलाई एकीकृत गरी यो संहिता तर्जुमा गरिएको हो ।

देवानी संहिता त्यस्तो कानून हो, जुन सामान्य नागरिकदेखि लिएर उच्च तहका व्यत्तित्वहरुसँगको प्रत्यक्ष रुपमा जोडिएको हुन्छ सँगै नागरिकको दैनिक जीवनमा देवानी कानूनले विशेष सम्वन्ध स्थापित गरेको हुन्छ । हरेक कानून प्रणालीका आफ्नै र छुट्टा छुट्टै महत्व हुने गरे पनि प्रत्येक व्यक्ति जन्मेदेखि मृत्युसम्म उसले आफ्नो सम्पत्ति, विवाह, सम्वन्धविच्छेद, लेनदेन लगायत हरेक घरायसी कामकाजका क्रममा आइपर्ने विभिन्न प्रकारका विवादहरु लगायका विषय देवानी कानूनले सम्वोधन गरेको छ । संसद्बाट देवानी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयक व्यवस्थापिका संसदको २०७४ साल असोज ९ गते बसेको बैठकले पारित गरि राष्ट्रपतिद्धारा २०७४ साल असोज ३० गते नेपालको संविधानको धारा १११ बमोजिम पारित विधेयक प्रमाणिकरण भई १ भदौ २०७५ बाट कार्यान्वयनमा आएको छ । संविधान पछि जनताको दैनिकी संग सम्वम्धित कानुन भएकाले यसको महत्व ठूलो छ ।

## जागरण नेपालले यस अवधिमा सम्पन्न गरेका क्रियाकलापहरु

### जागरण नेपालको १७ औ वार्षिक साधारण सभा सम्पन्न




*वार्षिक साधारण सभाको उद्घाटनका क्रममा जागरण नेपालका निवर्तमान अध्यक्ष, वर्तमान अध्यक्ष, सदस्यहरूका साथमा*

महिला अधिकार शान्ति र सुशासनका लागि कार्यरत संस्था जागरण नेपालले आफ्नो सत्रौं वार्षिक साधारण सभा मिति २०७५ भाद्र ३१ गते संस्थाका कार्यसमिति सदस्य, सल्लाहकार समितिका सदस्य, साधारण सदस्य तथा कर्मचारीहरुको सहभागितामा सम्पन्न भएको छ । कार्यक्रममा सचिव मीरा ढकालको अनुमतिमा परियोजन संयोजकले परियोजनाको वार्षिक प्रगति प्रतिवेदन प्रस्ततु गर्नुभएको थियो भने व्यवस्थापक मीना विष्टले रणनीतिक योजना प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी आर्थिक प्रतिवेदन कोषाध्यक्ष लिला शार्माको अनुमतिमा लेखा तथा प्रसाशन प्रमुख बाबुराजा श्रेष्ठले पेश गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रमाथि छलफल गरी पारित समेत गरिएको थियो ।

कार्यक्रम जागरण नेपालका अध्यक्ष सम्झना पोखरेलको अध्यक्षतामा भएको थियो । सो अवसरमा अध्यक्ष सम्झना पोखरेलले संस्थागत प्रभावकारीतालाई बढवा दिन आफू लागि पर्ने र आफ्नो जिम्मेवारी प्रभावकारी र पारदर्शी रूपमा पुरा गर्ने विश्वास दिलाउनु भयो । कार्यक्रममा संस्थापक अध्यक्ष शर्मीला कार्कीले संस्था जुन मुद्दालाई स्थापित गर्ने उद्देश्यका साथ स्थापना भएको थियो त्यसको केही हद सम्म भएपनि उद्देश्य पुरा भएको भन्दै यसलाई संस्थागत गर्नका लागि निरन्तर लागि रहनु पर्ने विचार राख्नु भयो । सो अवसरमा बोल्दै संस्थापक अध्यक्ष कार्कीले अब समय र सन्दर्भ बदलिदै मुलुक आर्थिक समृद्धिको यात्रामा अगाडि बढिरहेको हालको अवस्थामा जागरण नेपालले पनि आफ्नो यात्रालाई आर्थिक सशक्तिकरणको क्षेत्र तर्फ लैजानु पर्ने विचार राख्नुभयो । उहाँले संस्थाका पुराना क्रियाकलापहरुलाई निरन्तरता दिदै आयआर्जनका क्षेत्रमा

## देवानी संहिताका विशेषताहरु

नेपाल सरकारले यसका विशेषताहरु विश्लेषण गरेको छ जसका आधारमा मुख्य विशेषताहरु यस प्रकार रहेका छन् ।

हाल सम्मकै लामो ऐन, नागरिक अधिकारको उल्लङ्घनमा जिल्ला अदालतबाटै उपचार पाईने, असल छिमेकी पन कायम गर्ने, व्यक्तिको रूपमा मान्यता पाउने र अधिकार प्रयोग गर्ने अधिकार हुने, शरीरको परीक्षण, उपचार, अङ्ग परिवर्तन गर्न सक्ने,आफ्नो दाह संस्कारको विधि आफै निर्धारण गर्न सक्ने,मृत्युपछि आफ्नो शव, शरीरको कुनै अङ्ग दान गर्न सक्ने, बसोबासको ठेगाना निर्धारणको लागि स्पष्ट व्यवस्था, झुट्टा उजुरी दिएमा क्षतिपुर्ति तिर्नुपर्ने, कानूनी व्यक्ति सम्बन्धी विस्तृत व्यवस्था, दामासाहीमा परेको बाह्र वर्ष पछि दामासाहीको अवस्थाको अन्त्य हुने, विवाह सम्बन्धी, दर्ता विवाह (कोर्ट म्यारिज ) दर्ता गरेर विवाह गर्दा जिल्ला अदालतबाट गराउनु पर्ने, विवाह पछिको थर, वैवाहिक सम्बन्धको अन्त्य र पुनः विवाह, आपसी सहमतिमा घर व्यवहार चलाउनु पर्ने, सम्बन्ध विच्छेद गर्न लाग्ने अवधि समान , विवाहित पतिबाट जन्मिएको अनुमान गरिने, पितृत्व वा मातृत्वको दाबा, कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिने, नाम र थरको अधिकार, आमा बाबुको आज्ञा, आदेशको पालना गर्नुपर्ने, अधिकार दायित्व कायमै रहने, आदर तथा सम्मान गर्नू पर्ने, छोरा छोरी उपरको कर्तव्य र जिम्मेबारी आमा बाबुको बराबरी हुने, आमा बाबुको आज्ञा, आदेश पालना गर्नुपर्ने, अधिकार दाइत्व कायमै रहने, विशेष संरक्षण र सहुलियत प्रदान हुने, छोरा वा छोरी हुने व्यक्तिले समेत धर्मपुत्र वा धर्मपुत्री राख्न पाउने, जिल्ला अदालतबाट प्रमाणीकरण गराएर मात्र धर्मपुत्र धर्मपुत्री राख्न सकिने, सबै अंशियार अंशका समान हकदार हुने, गर्भको शिशुलाई अंश छुट्याउनु पर्ने, अंश पाउन झुटा नालिस गरेमा क्षतिपूर्ति तिर्नुपर्ने, स्याहार गर्नेले अपुतालि खाने, नीति सरकारी र सार्जजनिक सम्पत्तिका सम्वन्धमा व्यवस्था, अरुको सम्पत्ति विगार्न वा असर गर्न नपाइने, जग्गा किचलो वा अतिक्रमण गर्न नुहने, आफ्नो जग्गा बाहिर पानी झार्न नहुने, प्रतिफल वा लाभ सम्बन्धी व्यवस्था , घर बहालमा दिदा सम्झौता गर्नुपर्ने लगाएत थुप्रै विशेषताहरु यस संहिता कानुनमा उल्लेख गरिएको छ ।

## देवानी सहिंताले समेटेका मुख्य मुख्य व्यवस्थाहरु

मुलुकी देवानी (संहिता) मा धेरै नयाँ व्यवस्थाहरु छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून र अभ्यासलाई समेटेर यो संहिता बनाइएको छ । साविकको कानूनमा १६ वर्षमुनिका बालबालिकालाई नाबालकमा राखिएको थियो तर संहिताले १८ वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालक मानेको छ ।

पहिलो पटक देवानी कानूनमा गल्ती गर्नेले क्षति व्यहोर्नु पर्ने, अरुलाई दुःख दिने गरी काम गर्न नहुने, असल छिमेकीपन कायम गर्नुपर्ने, कानून विपरीतका प्रथा तथा परम्पराले मान्यता नपाउने व्यवस्था गरिएका छन् । कुनै पनि व्यक्तिले कानूनको

महिलाहरुलाई समावेश गरी उद्यमी बनाउनु पर्ने र उद्यमशिलताको विकास गर्नुपर्नेमा जोड दिनुभयो ।




*साधारण सभामा पृष्ठपोषण प्रदान गर्दै संस्थापक सदस्य, कृष्ण थापा*

संस्थाका अन्य सदस्य तथा पदाधिकारीले देशको आवश्यकतालाई ध्यानमा राख्दै संस्थालाई निरन्तरता दिनुपर्ने तर संस्थाका लक्ष्य तथा उद्देश्य अनुरुप नै आयआर्जनको पाटोतर्फ अलिजोडदिनुपर्ने विचार राख्नुभएको थियो । उहाँहरूले संस्थाको प्रगतिको कामना गर्दै आगामी दिनमा महिला अधिकार शान्ति र सुशासन स्थापना गर्न अझ सक्रियताका साथ कार्य सम्पादन गर्ने विश्वास व्यक्त गर्नुभयो । साधारण सभामा उक्त संस्थाका व्यवस्थापक मीना विष्टले सहजिकरणको भूमिका निर्वाह गर्नु भएको थियो ।

## नेतृत्व, विकास र लैङ्गिक सवाल विषयक गोष्ठी सम्पन्न




*कार्यक्रमको उद्घाटन गर्दै प्रदेश नं. ३ का माननीय सभामुख सानुकुमार श्रेष्ठः हेटौडा*

जागरण नेपालको समन्वय तथा प्रदेश सचिवालय प्रदेश नं. ३ को आयोजना मा ३ दिने नेतृत्व, विकास र लैङ्गिक सवाल विषयक गोष्ठी हेटौडामा मिति २०७५ श्रावण २५ देखि २७ सम्म सम्पन्न भयो । कार्यक्रममा प्रदेश नं. ३ को स्वास्थ्य, शिक्षा र कृषि समितिका सदस्यहरु सहितका महिला सांसदहरुको सहभागिता रहेको थियो । कार्यक्रमको प्रमुख आथिथ्यता माननीय सभामुख सानु कुमार श्रेष्ठले गर्नुभएको थियो भने विषेश अतिथिको रुपमा माननीय उपसभामुख राधिका तामाङ तथा सामाजिक विकास मन्त्री युवराज दुलाल अतिथिको उपस्थितमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रम उद्धाटनको अवसरमा आयोजित कार्यक्रमको उद्देश्य माथि प्रकास पार्दै जागरण नेपालका संस्थापक अध्यक्ष श्री शर्मिला कार्कीले नागरिक समाज, संस्था सरकारको सहयोगी भुमिकामा रहेको स्पष्ट पार्दै नागरिक समाजसँग भएको श्रोत तथा साधनहरुलाई सरकारले प्रभावकारी ढंगमा

अधीनमा रही आफ्नो शरीरको परीक्षण वा अङ्ग परिवर्तन गर्न वा गराउन पाउने व्यवस्था यसमा गरिएको छ ।

त्यस्तै, कुनै व्यक्तिले जीवित छँदै आफ्नो दाह संस्कार, काजकिरिया वा सद्गतको विधि निर्धारण गर्न सक्नेछ । हकवाला व्यक्तिले पनि मर्ने व्यक्तिको इच्छा बमोजिम निजको दाह संस्कार, काजकिरिया वा सद्गत गर्न पाउने व्यवस्था छ । त्यस्तै, विवाह गर्दा महिला र पुरुषको उमेर २० वर्ष पूरा भएको हुनुपर्नेछ । होस ठेगानामा नरहेको, विशेष रोगी, विवाह भइसकेको, गर्भवती भएको र नैतिक पतन देखिने फौजदारी कसूर गरेकालाई झुक्याई विवाह गरेमा विवाह बदर हुने व्यवस्था यसमा गरिएको छ ।

महिलाले विवाहपछि बाबु वा पति वा दुवैको थर राख्न सक्नेछन् । पति पत्नीको सम्बन्ध विच्छेद भएमा, पति वा पत्नीको मृत्यु भएमा वा पति वा पत्नीले अंश लिई भिन्न बसेमा बाहेक दोस्रो विवाह गर्न नपाइने व्यवस्था यसमा छ । अन्यथा प्रमाणित भएकामा बाहेक विवाह भएको मितिदेखि १८० दिनपछि र पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिदेखि २७२ दिनभित्र जन्मिएको शिशु विवाहित पतिबाट जन्मिएको अनुमान गरिनेछ । पति पत्नीबीच अन्यथा सहमति भएको वा विवाह गर्नु अगाडि कुनै महिला गर्भवती भएको थाहा पाएर वा थाहा पाउनुपर्ने मनासिब कारण भई कुनै पुरुषले त्यस्तो महिलासँग विवाह गरेकामा बाहेक विवाह भएको १८० दिन अगाडि नै पत्नीबाट जन्मिएको शिशुको पितृत्वलाई पतिले र त्यस्तो शिशुको जन्म हुनु अगाडि नै पतिको मृत्यु भइसकेको रहेछ भने निजको हकवालाले इन्कार गर्न सक्ने व्यवस्था यसमा छ ।

मुलुकी देवानी संहितामा पितृत्व वा मातृत्वको ठेगान नभएको शिशु आफ्नो छोरा वा छोरी हो भनी दावी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको वा पहिचान भएको मितिले दुई वर्षभित्र गरिसक्नुपर्ने व्यवस्था छ ।
त्यस्तै, पति र पत्नीको मञ्जुरीले अन्य कुनै व्यक्तिको वीर्यबाट कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिनेछ। छोरा, छोरी जन्मिएको तीन महिनाभित्र छोरा, छोरीको जन्म दर्ता गराउनुपर्ने छ । पति पत्नीबीचको वैवाहिक सम्बन्ध अन्त्य भए पनि निजहरुबाट जन्मिएको छोरा, छोरीको बाबु, आमा माथिको कानूनी अधिकार र निजप्रतिको बाबु, आमाको दायित्व कायमै रहने व्यवस्था यसमा छ ।

देवानी कानूनमा छोराछोरीले आफ्ना आमा बाबुलाई आदर, सम्मान तथा हेरविचार गर्नुपर्नेछ । त्यस्तै, असक्षम वा अर्धसक्षम व्यक्तिको हेरविचारको दायित्व संरक्षकमा रहने र संरक्षक नभएमा माथवरले त्यस्तो व्यक्तिको हेरविचार गर्नसक्ने व्यवस्था गरिएको छ ।

सदुपयोग गर्न सके जित जितको अवस्था रहने र त्यस कार्यले सरकार र समाज दुवैलाई समृद्ध नेपालको नारालाई सहयोग पुग्ने कुरा वताउनु भयो ।

तीन दिने उक्त कार्यक्रममा विशेषगरी प्रदेश सरकारको नीति तथा कार्यक्रममा लैङ्गिक सवाल विषयमा छलफल भएको थियो । विभिन्न समसामयिक विषयहरु जस्तै समाज रुपान्तरणमा सांसदले खेल्नु पर्ने भुमिका तथा प्रभावकारी संसद संचालनको लागि सांसदहरुको कार्यगत नीति तथा आगामी कार्ययोजनाहरुको विषयमा समेत छलफल गरिएको थियो ।



*कायक्रममा सहभागी हुँदै प्रदेश नं. ३ का माननीय संसादहरूः हेटौडा*

कार्यक्रमलाई विषयअन्तर सहजिकरणको लागि प्रदेशको नीति तथा कार्यक्रममा लैङ्गिक वजेटको सवालमा प्रदेश नं.३ का अर्थ सचिव श्री केवल भण्डारी, सामाजिक रुपान्तरणमा सभासदको भूमिका विषयमा प्रदेश नं. ३ का प्रमुख सचिव रेश्मिराज पाण्डे, तनाव व्यावस्थापनमा माननिय सभामुख सानु कुमार श्रेष्ठ, सवालको पहिचान र वकालतमा नेतृत्वले खेल्नु पर्ने भूमिका विषयमा शर्मिला कार्की, महिला सांसदको अवसर चुनौती र भावी रणनीति विषयमा डा. विन्दा पाण्डे प्रतिनिधि सभा सदस्य, संसदीय अभ्यास र प्रादेशिक नीति निर्माणमा सभा सदस्यको भूमिका विषयमा पूर्व सचिव मुकुन्द शर्मा, सञ्चार माध्यममा महिला नेतृत्वको पहुँच विषयमा पत्रकार विजय पौडेलले सहजिकरण गर्नुभएको थियो ।

कार्यक्रमको वारेमा प्रदेश नं. ३ सभामुख सानुकुमार श्रेष्ठले यस कार्यक्रमको प्रदेश सरकारले आवश्यकता महसुस शुरुका दिन देखि गरिरहेको साथै सभा सदस्यहरुले समेत यस प्रकारको कार्यक्रमको माग गरिरहेको तर विभिन्न कारणले गर्न नसकिरहेको अवस्थामा जागरण नेपालले यो गोष्ठी गर्नका लागि समन्वय गरि प्राविधिक समयोग उपलव्ध गराएकोमा विशेष धन्यवाद दिनुभयो । त्यसैगरि गोष्ठीमा उपस्थित सभा सदस्यहरुले कार्यक्रम समसामयिक र आवश्यक रहेको भन्दै कार्यक्रममा छलफल भएको विषयले आगामी दिनमा संसदमा प्रभावकारी भूमिका खेल्ने सहयोग गर्ने विश्वास व्याक्त गर्नुभएको थियो । कार्यक्रममा प्रदेश ३ का महिला सांसद सहित ४० जनाको उपस्थिति रहेको थियो भने उक्त कार्यक्रमको

त्यस्तै, छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न नपाउने व्यवस्था भइरहेकामा कुनै व्यक्तिको आर्थिक हैसियत विचार गरी अदालतले छोरी वा छोरी हुने व्यक्तिलाई पनि धर्मपुत्र वा धर्मपुत्री राख्न दिने आदेश गरेमा धर्मपुत्र वा धर्मपुत्री राख्न पाउने छ। होस ठेगान नभएको, नैतिक पतन देखिने फौजदारी कसूर गरेको र आर्थिक हैसियत कमजोर भएको व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री राख्न नपाउने व्यवस्था छ।

साथै, धर्मपुत्र वा धर्मपुत्री राख्नु परेमा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनुपर्ने छ। विदेशीले धर्मपुत्र वा धर्मपुत्री राख्न पाउने व्यवस्था पनि यसमा गरिएको छ। मुलुकी देवानीमा कुनै व्यक्तिलाई निजको नजीकको हकवालाले स्याहार सम्भार नगरी टाढाको हकवाला वा अन्य व्यक्तिले स्याहार सम्भार गरेको रहेछ भने निजको अपुताली स्याहार सम्भार गर्नेले पाउने छ। सम्पत्तिलाई स्वरुपको आधारमा चल र अचल र स्वामित्वको आधारमा सगोल, संयुक्त सामुदायिक, सार्वजनिक, सरकारी र गुठीमा वर्गीकरण गरिएको छ भने सार्वजनिक वा निजी प्रयोजनका लागि गुठी राख्न सकिने व्यवस्था छ।

सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा र करार वा अन्य कानूनद्वारा छुट्टै व्यवस्था भएकामा बाहेक कुनै व्यक्तिले अर्को व्यक्तिको चल सम्पत्तिको हकमा तीन वर्ष र जमीनको हकमा ३० वर्षभन्दा बढी समयदेखि त्यस्तो सम्पत्ति वा जमीन आफ्नै सम्पत्ति वा जमीन सरह भोग गरेमा त्यस्ता सम्पत्ति वा जमीनमा निजको प्रतिकूल भोगाधिकार मानी निजले आफ्नो नाममा दर्ता गर्न सक्नेछ।
मुलुकी देवानीमा कसैले पनि घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झार्न पाउने छैन। आफ्नो हकको सम्पत्ति स्वामित्व हस्तान्तरणबिना नि:शुल्क रुपमा अर्को व्यक्तिलाई प्रयोग गर्न दिन सक्ने गरी फलोपभोगको व्यवस्था गरिएको छ।

त्यस्तै, आगलागी, भूकम्प वा अन्य विपद्को समयमा, खानेपानी ढल, बिजुली, टेलिफोनको विस्तार गर्न, खेतीपाती गर्नजस्ता कार्यका लागि क्षतिपूर्ति दिई अर्काको सम्पत्ति भोग गर्न पाउने गरी सुविधाभारको व्यवस्था यसमा गरिएको छ।

नयाँ कानूनी व्यवस्था मुताविक मासिक २० हजारभन्दा बढी बहालका लागि घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिहरुले लिखित सम्झौता गर्नुपर्ने छ। असुरक्षित घर बहालमा दिन नपाइने, घरधनी र बहालमा बस्नेले पालना गर्नुपर्ने दायित्व कानूनद्वारा निर्धारण हुने, बहालमा बस्नेले सम्झौताको अधीनमा रही पुन: बहालमा दिनसक्ने, बहालमा बस्ने बेपत्ता भएमा घरधनीले अर्को व्यक्तिलाई घर बहालमा दिन सक्नेछ।

कानूनमा १४ वर्ष उमेर पूरा गरेको नाबालकलाई घरेलु सहायकको रुपमा काममा लगाउन सकिने व्यवस्था गरिएको लागि इहाक नेपाल कद्वारा आर्थिक सहयोग प्रदान गरिएको थियो। स्थानीय संस्थाको रुपमा नारी सीप सृजना केन्द्रले समन्वयकारी भूमिका निर्वाह गरे को थियो।

## जवाफदेहि स्थानीय सरकार विषयक अन्तरक्रिया सम्पन्न

जागरण नेपालको आयोजनामा एक दिने जवाफदेहि स्थानीय सरकार विषयक अन्तरक्रिया कार्यक्रम मिति २०७५ भाद्र २३ गते गौरीगंगा नगरपालिका मसुरिया कैलालीमा सम्पन्न गरियो। कार्यक्रमको मुख्य उदेश्य छिमेकी स्थानीय सरकारमा जवाफदेहि सरकार वन्नको लागि एक अर्काले गरेको राम्रो प्रसासहरुको अनुभव आदान प्रदान गर्दै विषयमा समान बुझाईको विकास गर्दै शुसासनको प्रवर्धनको लागि स्थानीय सरकारको प्रतिवद्दता रहने उदेश्यका साथ अन्तकृया कार्यक्रम सम्पन्न गरियो।



*कार्यक्रमका सहभागीहरू गौरीगंगा नगरपालिका, कैलाली*

कार्यक्रममा गौरीगंगा नगरपालिकाका मेयर, प्रमुख प्रशाकियअधिकृत, कैलारी गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष सहित दुवै स्थानीय सरकारका वडा अध्यक्षहरु गरी जम्मा ३० जनाको सहभागिता रहेको थियो। कार्यक्रमको सहजिकरण शुसासन विज्ञको रुपमा प्रो. डा. श्री हेम राज पन्तज्यूले गर्नु भएको थियो। प्रशिक्षक पन्तद्वारा राष्ट्रिय तथा अन्तराष्ट्रिय देशहरुमा शुसासनको अवस्था र सकारात्मक प्रयासहरुको वारेमा जानकारी गराउनु भयो। गौरीगंगा नगरपालिकाका मेयर श्री भिम वहादुर देउवा र अध्यक्ष श्री लाजुराम चौधरी कैलारी गाँउपालिका आमन्त्रीत सहजकर्ताको रुपमा रहनु भएको थियो। कार्यक्रमको सहजिकरणका क्रममा उहाँहरुले जवाफदेहि सरकारको प्रयास स्वरुप आ-आफ्नो नगरपालिका तथा गाँउपालिकाको कार्य सम्पादनको बारेमा जानकारी गराउनु भएको थियो। त्यसैगरि जागरण नेपालको परियोजना संयोजक पूर्णकला राईले नेपालको प्रचतिल कानूनले तोकेको सुशानको कार्यविधि तथा यसका औजारहरुका वारेमा जानकारी दिनुका साथै त्यसको प्रभावकारी कार्यान्वयनको विषयमा सुसूचित गराउनु भएको थियो।

अन्तक्रिया कार्यक्रममा दुवै स्थानीय सरकारले शुसासन प्रवर्द्धन गर्न तथा जवाफदेहि स्थानीय सरकारलाई संस्थागत गर्नको लागि गरिरहेको प्रयासको वारेमा घनिभूत छलफल गरि सुसासन प्रवर्द्धनको लागि समान बुझाईको विकास सम्वन्धमा छलफल गरिएको थियो। सो अवसरमा गौरीगंगा नगरपालिका तथा कैलाली गाँउपालिकाले प्रयोग गरिरहेका विधि तथा औजारका विषयमा छलफल गरिएको थियो।

यस कार्यक्रमले शुसासित स्थानीय सरकारको रुपमा समान बुझाईको अवधारणाको विकास भएको सहभागिहरुले वताउनु भयो। यसलाई निकै

छ । घरेलु सहायकमा काम लगाउँदा काम लगाएको मितिले एक महिनाभित्र स्थानीय तहको सम्बन्धित वडा समितिलाई लिखित जानकारी गराई नाबालकको पठनपाठन, स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने र उचित पारिश्रामिक दिनुपर्ने व्यवस्था छ । अदालतको आदेशबमोजिम एकपटक दामासाहीमा परेको व्यक्ति १२ वर्षको अवधि भुक्तान भएपछि निजको दामासाहीमा परेको अवस्था भन्दा अघिको अवस्थामा पुनःबहाली हुने व्यवस्था छ ।

### देवानी संहिता कानुनले समेटेका महिलाका सवालहरु

भदौ १ बाट लागु भएको मुलुकी फौजदारी र मुलुकी देवानी संहिताले महिला अधिकारको दृष्टिकोणबाट सकारात्मक र नकारात्मक दुवै खालका व्यवस्थाहरू ल्याएको छ ।

बहुविवाह स्वतः बदर हुने, सम्पत्तिमा छोराछोरीको समान अधिकार, सम्बन्धविच्छेद गर्दा महिला र पुरुषले जिल्ला अदालतमा सीधै निवेदन दिन पाउने लगायतका विषयहरू सकारात्मक छन् ।

कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने व्यवस्था गरिएको छ ।

कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने व्यवस्था गरिएको छ ।

नयाँ संहिताले विवाहका लागि केटा र केटी दुबैलाई २० वर्ष हुनुपर्ने व्यबस्था गरेको छ । कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा स्वतः विवाह भएको मानिने व्यवस्था संहितामा छ । विवाहिता महिलाले विवाहपछि बाबुआमा वा पतिको थर प्रयोग गर्न सक्ने व्यवस्था संहितामा गरिएको छ ।

संहिताले पहिलोपटक सम्बन्ध विच्छेदमा महिला र पुरुषका लागि समान व्यवस्था गरेको छ ।

अब दुबैले अदालतबाट प्रक्रिया सुरु गर्न सक्नेछन् । पतिले पत्नीलाई जबर्जस्ती करणी गरेको ठहरेमा पनि सम्बन्धविच्छेद गर्न सक्ने व्यबस्था छ । पत्नीका कारणले सम्बन्धविच्छेद गर्नुपर्ने अवस्थामा अंश दिनु नपर्ने व्यवस्था संहिताले गरेको छ । छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न पाउने छैन । धर्मपुत्र वा धर्मपुत्री राख्नेको उमेर कम्तीमा २५ वर्ष हुनु पर्नेछ ।

कानुनका यिनै प्रावधानहरू महिलाको पक्षमा रहेका छन् ।

ठूलो उपलब्धीको रुपमा लिईएको छ । जनप्रतिनिधिको हैसीयल ले आफू सरकारको प्रतिनिधि भएको कारण शुसासन प्रवर्द्धनको लागि आफ्नो भूमिका महत्वपूर्ण भएकोले यास छलफल कार्यक्रमले आफनो भूमिका अझ शशक्त हुने विश्वास सहभागिहरुले राख्नु भएको थियो । उक्त कार्यक्रम डिसिएको आर्थिक सहयोग कार्यक्रम संचालन भएको थियो ।

### लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक अतरक्रिया सम्पन्न

जागरण नेपालको आयोजनामा एक दिने लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम मिति २०७५ भाद्र १७ गते गौरीगंगा नगरपालिका कैलालीमा सम्पन्न गरियो । कार्यक्रमका लागि डिसिए वाट आर्थिक सहयोग प्राप्त भएको हो । कार्यक्रममा गौरीगंगा नगरपालिकाका मेयर, प्रमुख प्रशाकिय अधिकृत, सहित सम्पूर्ण कार्यपालिका सदस्यहरु गरी जम्मा २५ जनाको सहभागिता रहेको थियो ।




*लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक अतरक्रियाका सहभागीहरू, कैलाली*

कार्यक्रमको सहजिकरण श्री राजेन्द्र प्याकुरेलले गर्नु भएको थियो । आमन्त्रीत सहजकर्ताको रुपमा रहनु भएका मेयर श्री भिम शादुर देउवालेगौरीगंगा नगरपालिकाकाले हाल सम्म पारित गरेका कानूनहरु, कानून तयार गर्दाको समयमा आएको चुनौती तथा हाल सम्म भएका उपलब्धीको विषयमा समेत प्रस्तुती रहेको थियो । सो अवसरमा २२ वटा एकल अधिकारको प्रयोगको लागि स्थानीय सरकारले कानून वनाई काम गर्न सक्ने कुराको प्रावधान भए अनुरुप कम्तीमा ३९ वटा कानून वनाई स्थानीय सरकारलाई चुस्त दुरुस्त वनाउन सकिने कानून विज्ञको सुझाव अनुसार उक्त कानूनहरु र कानूनको संवैधानिक प्रावधान तथा क्षेत्रको विषयमा छलफल भएको थियो । नगर प्रमुखको प्रस्तुतीको क्रममा नगरपालिकाले विभिन्न २२ वटा ऐन, नियमावलीतथा कार्यविधिहरु वनाए पनि संवैधानीक एकल अधिकार प्रयोग गर्न सक्ने गरि कानून वन्न नसकेको बताइएको थियो ।

छलफलको क्रममा केहि अति आवश्यक तथा तत्काल कानून निर्माणको प्रक्रियामा नगरपालिकाले खेल्नुपर्ने भूमिकाका विषयमा

दोस्रो विवाह बदर हुन्छ भनिएको छ तर त्यसो गर्दा जसलाई विवाह गरेर ल्याइएको छ, ती महिलालाई अरूको अंश छुट्याएर श्रीमानको अंशबाट मात्रै भाग लाग्ने भन्ने कुराले भने महिला माथि विभेद छ । त्यसैगरी पुरुषले सहजरुपमा सम्बन्ध विच्छेद गर्न पाउने र यसमा यदि महिला दोषी देखिएमा महिलाले सम्पत्ति नपाउने, पुनविवाह गरेमा पूर्व श्रीमानलाई सम्पत्ति फिर्ता गर्नुपर्ने जस्ता कुराले महिलाका अधिकारका विभेद भएको देखिन्छ ।

## निष्कर्ष

मुलुक लामो समयसम्म परम्परागत कानुनबाट चलिरहेको महशुस गरी जारी भएको संहिता कानुनले विशेष महत्व बोकेको छ । राजनीतिक परिवर्तन तथा समाजिक, आर्थिक तथा सँस्कृतिक क्षेत्रमा देखिएका नयाँ आयामहरुलाई सम्वोधन गर्न नेपालमा लामो समय सम्म छरिएर रहेका ऐन समेतलाई एकीकृत गरी तयार पारिएको यो संहिताको कार्यान्वयन अहिले चर्चामा छ । पक्कै पनि संहिताका विषय नागरिकका दैनिक जीवनसँग गाँसिन्छन् । सर्वसाधरणका लागि सबैभन्दा बढी सम्बन्ध देवानी कानुनले राख्छ । संविधान अनुकूल र समय सापेक्ष बनाइएको संहिताले सबै वर्ग, तह र तप्कामा रहेका नागरिकहरुका दैनिक क्रियाकलापलाई सम्वोधन गर्ने वातातावरण तयार हुनु पर्दछ । यसका लागि नीति र कार्यक्रम बनाउने कार्य सरकारको हो भने त्यसमा साथ, सहयोग र खवरदारी गैरसरकारी संस्थाहरुहबाट हुन जरुरी छ । गैरसरकारी संस्थाहरुले आफ्ना हरेक गतिविधिमा संहिताले समेटेका नागरिक हक र अधिकारका बारेमा समेट्ने कार्यक्रम बनाएमा आगामी दिनमा संहितामा रहेका प्रावधानहरुको सही ढंगले कार्यान्वयन हुनेमा आशा गर्न सकिन्छ ।

छलफल गर्दै विषयगत शाखा तथा सहयोगी संस्थाहरु सँग समन्वय तथा सहकार्य गर्दै कानून निर्माण प्रकियालाई अगाडी वनाउने नगरको न ीति तय गरियो । सो अवसरमा बजार व्यवस्थापन ऐन, शिक्षा ऐन, स्वास्थ्य तथा सरसफाई ऐन, पूर्वाधार व्यवस्थापन ऐन, स्थानीय तथ्याङ्क संकलन ऐन तथा सामाजिक सुरक्षा ऐनजस्ता ऐनको प्राथमिकरण गरिएको थियो ।

आगामी दिनमा गौरीगंगा नगरपालिकाकोकानून निर्माण प्रक्रियामा नगरपालिकाले प्राथमिकता निर्धारण गरेको आवश्यक विषयत ऐनको आधारमा जागरण नेपालले श्वास्थ्य सरसफाई तथा पूर्वाधार निर्माण सम्वन्धिको सवालमा नमुना कानून निर्माणको लागि प्राविधिक सहयोग गर्ने विषयमा समेत छलफल भयो ।



*कार्यक्रमको सहजिकरण गर्दै विज्ञ राजेन्द्र प्याकुरेल साथमा सहभागीहरू*

सहभागी कार्यपालिका सदस्यहरुले कार्यक्रम महत्वपूर्ण र व्यवहारीक रहेको बताउदै कार्यपालिका सदस्यको हैसीयतले आफ्नो गहन विधायेकि जिम्मेवारी निर्वाह गर्न नसकेको अनुभव वताउनु भयो साथै यस विषयमा पर्याप्त तालिम तथा छलफल पनि नभएको अनुभव वताउनु भयो । नगरपालिकाको आवश्य संरचनागत कर्मचारी व्यवस्थापन नभएकोले आवश्यक कानूनहरु निर्माण गर्न ढिलाई भएको प्रमुख तथा प्रशासकिय प्रमुख अधिकृतको भनाई थियो । आगामी दिनमा पनि अन्य दातृ निकायहरुसँग समन्वय तथा सहकार्य गरि जागरण नेपालले यस्ता किसिमको प्रशिक्षण तथा गोष्ठी संचालन गरि नगरपालिकासँग सहकार्य गर्न समेत आग्रह गर्नुभयो ।

### थप जानकारीका लागि

*www .jagarannepal .org*
मा अवलोकन गरी सल्लाह सुझावका लागि
*info@jagarannepal .org*
मा सम्पर्क गर्नुहोल

### सम्पादक मण्डल

सल्लाहकार : शर्मिला कार्की
संयोजकन : मिना विष्ट
संपादन : दिपक बस्याल
लेखन : अहिल्या अधिकारी
डिजाइन : द क्रिएसन


# जागरण नेपाल

सिद्धार्थ मार्ग, अनामनग
फोन : ०१-४२१९४३९, फ्याक्स : ०१-४२४७२९७, पो.व.नं. : १९४८७
ईमेल : info@jagarannepal .org, वेवसाइट : www .jagarannepal .org